# एक्यान फुट्सलको उपाधि 'एक्यान सेन्ट्रल'लाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ भदौं**

पोखरामा सम्पन्न 'एक्यान फुट्सल टुर्नामेन्ट २०७९'को उपाधि एक्यान सेन्ट्रलले हात पारेको छ। पोखरामा ३ र ४ गते दुई दिन चलेको फुट्सलको उपाधि एक्यान सेन्ट्रलले हात पारेको हो।



फाइनल म्याचमा पिकेएफटिआरलाई पछि पार्दै एक्यान सेन्ट्रलले उपाधि हात पारेको हो। एक्यान सेन्ट्रलले पिकेएफटिआरलाई दुई गोल गर्दै जित हात पारेको हो। खेलमा सहभागी ९ टिममध्ये ए र बि दुई टिममा बाडेर खेल खेलाइएको थियो । सहभागी टिममध्ये एक्यान कास्की, एक्यान चितवन, एक्यान सेन्ट्रल र पिकेएफटिआर सेमिफाइनलमा भिडेका थिए । एक्यान कास्की र चितवनलाई पछि पार्दै फाइनलमा पुगेको पिकेएफटिआर फाइनलमा भने एक्यान सेन्ट्रलसँग हार ब्यहोर्नु पर्‍यो । सेन्ट्रल र पिकेएफ दुवै काठमाडौंबाट आएको टिम हो । शुक्रबार गण्डकी प्रदेश सरकारका कानुन, संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापाले खेलको उद्घाटन गरेका थिए भने पुरस्कार वितरण तथा कार्यक्रमको समापन पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले गर्ने कार्यक्रम थियो । तर, कार्य व्यस्तताका कारण मेयर आचार्य उपस्थित हुन नसकेपछि एक्यान पदाधिकारीहरुले नै विजयी टिमलाई पुरस्कार बाँडेका छन् । खेलमा विजयी टिमलाई नगद १ लाख रुपैयाँ नगद मेडल र प्रमाणपत्रले पुरस्कृत गरिएको छ भने फर्स्ट रनर अपलाई ६० हजार रुपैयाँ नगद मेडल र प्रमाणपत्रले पुरस्कृत गरिएको छ । खेलमा सबैभन्दा धेरै गोल एक्यान चितवनका सन्दीप कुमार फुँयाललाई हाइयेस्ट स्कोर उपाधि दिइएको थियो । फुँयालले ६ गोल गरेर खेलमा उत्कृष्ट प्रर्दशन गरेका थिए। यस्तै, बेस्ट गोलकिपर एक्यान सेन्ट्रलका शैलेस कट्टेलले हात पारेका छन् । पूरा खेलमा कट्टेलले १ गोल पनि गर्न दिएनन्। खेलको बेस्ट प्लेयर उपाधि एक्यान सेन्ट्रलका सुशान नगरकोटीले हात पारेका छन् । नगरकोटीले पूरा खेलमा ४ गोल गरेका थिए।

खेल समुहका ९ मध्ये पिकेएफटिआरका म्यानेजर तिर्थराज अर्यालले बेस्ट म्यानेजरको उपाधि हात पारे । बेस्ट प्लेयर, बेस्ट स्कोरर, बेस्ट गोलकिपर, टप स्कोरर र बेस्ट म्यानेजर पाँचै जनालाई नगद ५ हजार रुपैयाँ नगद र प्रमाणपत्र प्रदान गरिएको थियो । फुट्सल टुर्नामेन्टको आयोजना चार्टर्ड एकाउन्टेन्स संघ(एक्यान)कास्कीले गरेको थियो। यसअघि चितवनमा पनि फुट्सल टुर्नामेन्ट आयोजना गरिएको थियो। कार्यक्रममा एक्यान पदाधिकारीहरुले सातै प्रदेशमा फुट्सल टुर्नामेन्ट गर्दै जानुपर्ने बताएका थिए।

# कास्कीकोटमा दहीको होली खेलीयो

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ भदौं**

श्रीकृष्ण जन्माअष्ठमीको अवसरमा पोखरा २४ कास्कीकोटमा दहीको होली खेलीएको छ।

भगवान श्रीकृष्णको जन्म भएको भोलीपल्ट परापुरर्वकाल देखि कास्कीकोटमा दहि जात्रा हुदै आएको छ । गुप्तकाली काश्यप धार्मीक क्षेत्रविकास समितीको आयोजनामा दहिको होलीमा हजारौ मानीसहरुको सहभागीता रहेको थियो । सांस्कृत रुपमा मनाउदै आएको यो जात्रा संरक्षण तथा प्रर्वदन गर्न पोखरा २४ वडा कार्यलयले आगामी दिनमा अझै व्यवस्थीत बनाउदै थप प्रचार प्रसार गर्नु पर्ने वडा अध्क्षय भरत वहादुर अधिकारीले बताउनु भयो।

दहिको होली खेल्ने परम्परा अन्य स्थानमा नरहेको 'यो दहिको होली कास्कीकोटमा मात्र रहेको धार्मीक क्षेत्रविकास समितीका सचिव तथा कार्यक्रम संयोजक ठाकुर प्रसाद त्रिपाठीले दावी गर्नु भयो ।' गत वर्षहरुमा कोरोना कहरका कारण रोकीएको दहि जात्रा यस पटक



विभीन्न सांस्कृतीक झाकी वाजा गाजा सहित जात्रा निकालिएको थियो। अन्य ठाउँमा श्रीकृष्णको जन्म हुनु भन्दा पहिलेनै नाचगान तथा जात्राहरु निकाल्ने गरीन्छ तर, कास्कीकोटमा मात्र श्रीकृष्ण जन्मे पछि मात्र भोली पल्ट दहिको होली होली खेलेर पर्व मानाउने गरीएको गुपतकालीका मन्दीरका पुजारी वलराम त्रिपाठीले बताउनु भयो।

विगत ६ वर्ष देखि दहि जात्रालाई स्थानीहरुले दहिको होली एक आपसमा छेपेर मनाउने गरेका छन् । मन्दीरका व्यवस्थापक अमाली खिम वहादुर कार्कीका अनुसार जात्रामा अन्य सास्कृतीक कार्यक्रमहरु समेत प्रस्तुत गरीएको थियो।

दहिजात्रा विगत देखि सम्पदा संरक्षण मञ्च कास्कीकोट र स्थानीयले संचालन गर्दे आएका छन् । आगमी दिनहरुमा वडा कार्यालयलेनै यो कार्यक्रम संचालन गर्नु पर्ने आवशयकता रहेको वडा सदस्य कृष्ण प्रसाद सुवेदीले बताउनु भयो । दहि जात्रामा भजन चुटका तथा विभिन्न झाँकी वाजागाजा सहित जात्रा गरीएको थियो । शनिबार श्रीकृष्ण रथ यात्रा तथा विभीन्न सास्कृतीक झाकी तथा दहीको होली खेलीएको हो।

# स्वतन्त्रमा सञ्चारमा महिला सहभागिता विषयक अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ भदौं**

स्वतन्त्र पत्रकार संघ कास्कीले विशिष्ट नारी सम्मान तथा सञ्चार क्षेत्रमा महिला सहभागिता विषयक अन्तरक्रियासहित संघको १० औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ।



सञ्चारमा क्रियाशील महिलालाई सक्षम बनाउने, प्रोत्साहन गर्ने र नारी दिवसमा महिला पत्रकार सम्मान कार्यक्रम सञ्चालन गर्दै आएको संघले सोही शृङ्खला अन्तर्गत महिलाहरूको महान् पर्व तीजको पूर्व सन्ध्यामा तीन जना प्रतिभालाई विशेष सम्मान अर्पण गरेको हो। यसरी सम्मानित हुनेमा पोखरा महानगरका ३३ वडामध्ये एकमात्र वडामा महिला वडाध्यक्ष निर्वाचित हुन सफल पोखरा १७ की राधिकाकुमारी शाही, मोफसलको पत्रकारिताबाट नेपाल पत्रकार महासंघको खुला केन्द्रीय सदस्यमा निर्वाचित हुन सफल अधिवक्ता सरिता तिम्सिना पगेनी र रेडियो नेपाल प्रादेशिक प्रशारण केन्द्रको कार्यक्रम अधिकृत रहेर दीर्घसेवाबाट सम्मानित शान्ति राणा रहेका छन्। सम्मानित शाही, राणा र पगेनीलाई संघका राष्ट्रिय अध्यक्ष कृष्णप्रसाद बास्तोला, जिल्ला अध्यक्ष असफल गौतम, नेपाल पत्रकार महासंघ कास्की उपाध्यक्ष जमुना शर्मा वर्षा, सञ्चारिका समूह गण्डकी अध्यक्ष कविता श्रेष्ठलगायतले संयुक्त रूपमा खादा, माला, अविर, सम्मानपत्र र दोसल्लाले सम्मान अर्पण गरेका थिए । तीन सत्रमा सम्पन्न कार्यक्रममध्ये अन्तरक्रिया सत्रकी प्रमुख अतिथि पोखरा १७ की वडाध्यक्ष राधिकाकुमारी शाहीले महिलाहरू नेतृत्व तह र नीति निर्माण तहमा महिला सहभागिता संघर्षपूर्ण रहेको बताइन् । उनले सिङ्गो महानगरमा एक मात्र महिला अध्यक्ष हुनुले पनि महिलाले नेतृत्व तहमा पुग्न सहज अवस्था नरहेको प्रष्टयाइन् । अन्तरक्रियामा नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य सरिता तिम्सिना पगेनी र रेडियो नेपाल प्रादेशिक प्रशारण केन्द्रकी कार्यक्रम अधिकृत शान्ति राणाले सञ्चारमा महिला सहभागिता विषयमा अवधारणापत्र प्रस्तुत गरेका थिए। अवधारणापत्र प्रस्तोता शान्ति राणाले २००८ सालदेखि नेपालको पत्रकारितामा महिलाको सहभागिता हुन थाल्दा पनि वर्तमान अवस्था सन्तोषजनक नभएको बताइन्। राणाले पत्रकारिता क्षेत्रमा आर्थिक पक्ष सबल नहुनु र सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक पूर्ण कार्यान्वयनमा नआउँदा यो क्षेत्रबाट विस्तापित हुने अवस्था बढ्दै गएको धारणा राखिन्। नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य सरिता तिम्सिना पगेनीले सञ्चारमा महिला पत्रकार न्यून हुनुका पछाडि सञ्चार गृह महिलामैत्री भएको धारणा राखिन्।

नेपाल पत्रकार महासंघ कास्की उपाध्यक्ष जमुना शर्मा वर्षाले हरेक नीति निर्माण तहमै महिला सहभागिताको कमीले अधिकांश सञ्चार संस्था महिला-मैत्री नहुँदा सञ्चारमा महिलालाई टिक्न समस्या रहेको बताइन् । सञ्चारिका समूह गण्डकी अध्यक्ष कविता श्रेष्ठले यस्ता महिला सञ्चारकर्मी केन्द्रित कार्यक्रमले सञ्चारमा महिला सहभागिता बढाउन प्रेरणा मिल्ने बताउँदै संघलाई यस्ता कार्यक्रम निरन्तर सञ्चालन गर्न सुझाव दिइन्। प्रेस युनियन कास्कीका कार्यवाहक अध्यक्ष रविना आले मगरले आफूँ काखमा बच्चा बोकेर भए पनि सञ्चार कर्ममा निरन्तर रहेको बताउँदै प्रत्येक महिला पत्रकार स्वयम्लाई क्रियाशील हुन सुझाव दिइन् । संघका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले महिला घरायसी काममै सीमित रहे हुने थियो, आफ्ना जहान परिवार परपुरुषसँग नबोली दिए, नहिँडी दिए हुने थियो भन्ने पुरातन सोचबाट नेपाली समाज ग्रसित भएकाले सञ्चारमा महिला सहभागिता फस्टाउन नसकेको धारणा राखे। संघका राष्ट्रिय पार्षद् नारायण कार्कीले स्वतन्त्र पत्रकारिता कठोर तपस्या रहेको बताउँदै संघ स्थापनाको १० औं वर्षसम्म ल्याई पुऱ्याउन सहयोग गर्ने सम्पूर्णप्रति आभार व्यक्त गरे। शाखा अध्यक्ष असफल गौतमले सौभाग्यले मात्र यस्ता सन्दर्भ जुर्ने गरेको बताउँदै संघको साधारण सभा, सञ्चारमा महिला सहभागिता अन्तरक्रिया र विशिष्ट नारी प्रतिभा सम्मान एकसाथ सम्पन्न गर्न पाउनु दुर्लभ सौभाग्य भएको बताए।

साधारण सभाले सचिवको प्रगति प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरेको थियो । साहित्यकार अम्बिका भण्डारीले तीजेगीत र निर्मला बरालले कविता प्रस्तुत गरेका थिए । संघका सदस्य राधा ढकालको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन सचिव गंगासागर उपाध्यायले गरेका थिए।

# शान्तिघाट आमा समुहको अध्यक्षमा सरु श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ भदौं**

पोखरा-९, शान्तिवन वाटिकास्थित शान्तिघाट आमा समुहको सातौं साधारण सभा तथा चौथो अधिवेशनले सरु श्रेष्ठको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ।



समितिको उपाध्यक्षमा सावित्री पहारी, सचिवमा पवित्रा पहारी, कोषाध्यक्षमा साधना सिग्देल, सहसचिवमा अनिता अर्याल र सदस्यहरुमा प्रतिमा गुरुङ, सुलोचना पोखेल, शुशिला पहारी, जयन्ती सुवेदी, मनिता पहारी, लक्ष्मी रानाभाट, शुशिला नेपाली र विष्णु पहारी सर्वसम्मत चयन भएका छन्। कार्यक्रमका प्रमुख अतिथि पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले उद्घाटन गर्दै आमा समुहलाई वडाको समग्र विकासमा सहकार्य गर्न अनुरोध गर्दै वडा कार्यालयबाट गर्नुपर्ने आवश्यक सहयोग गर्न आफु प्रतिवद्ध रहेको वताए। सो अवसर वडा सदस्यहरु नन्दराम गिरी, भावना श्रेष्ठ, निर्वतमान वडा सदस्य राममाया मानन्धर, शान्तिवन वाटिका टोलविकास संस्थाका अध्यक्ष शेषनारायण पौडेल, राष्ट्रिय महिला अधिकार मञ्चकी केन्द्रिय सदस्य दिलमाया गुरुङ, समुहकी निवर्तमान अध्यक्ष निरु रानाभाट लगाएतले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रममा समुहमा आवद्ध सदस्यका एइइ उर्त्तिण छोराछोरीहरु शशांक पहारी, आदित्य पहारी, अस्मिता पहारी, सगुन श्रेष्ठ,अनुषा अर्याल, विश्वास नेपाली, विशेष नेपाली, संकल्प सिग्देल, आइस्मा गुरुङ, सम्झना पौडेल, साधना सुवेदी, जीवन क्षेत्री सम्मान गरिएको थियो।

उक्त कार्यक्रममा सचिव सावित्रा पहारीले प्रगति प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन अनिता अर्यालले प्रस्तुत गरेका थिए । समुहकी अध्यक्ष लक्ष्मी पहारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सरु श्रेष्ठले स्वागत र सचिव सावित्रा पहारीले संचालन गरेका थिए।

## बिकासबाहेक...

बताउनुभयो । संविधानको रक्षाका लागि गठबन्धन गरिएको र गठबन्धनले आगामी दिनमा पनि निरन्तरता पाउने उहाँले बताउनुभयो । निर्वाचनको मिति तोकिएसँगै वरिष्ठ नेता पौडेलले गृहजिल्लामा कार्यकर्ता भेटघाटलाई तीव्र बनाउनुभएको छ । पौडेलले आजै भानु नगरपालिका-३ खहरे, भानु नगरपालिका-६ कटहरे, शेपाबगैंचा, भानु नगरपालिका-५ नारेश्वरटारलगायतका ठाउँमा कार्यकर्ता भेटघाट गर्ने कार्यक्रम रहेको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# माओवादी पदाधिकारी टुङ्गियो

महाधिवेशन सम्पन्न भएको करिब ८ महिनापछि नेकपा माओवादी केन्द्रले पदाधिकारी टुङ्गो लगाएको छ । चुनाव पछि विधान विषेश महाधिवेशन गर्ने गरि अहिलेलाई पदाधिकारी, स्थायी समिति र पोलिट ब्युरो समेत चुनेको छ । बैठमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले २० जना पदाधिकारी प्रस्ताव गर्दा स्थायी कमिटी बैठकले अनुमोदन गरेको छ। अध्यक्ष प्रचण्डले ल्याउने नाममा मुख्य पदका आकांक्षी नेताहरुले जसको नाम प्रस्ताव गरे पनि मान्ने वचन दिइसकेका कारण सजिलै पदाधिकारी टुङ्गो लाग्न सक्यो ।

पार्टी भित्रका समुहलाई सन्तुलन कायम गरेर ३५ वर्षदेखि एकल नेतृत्व गर्दै आएका प्रचण्डले यसपटक पनि आफूलाई अप्ठेरो पर्ने कामबाट सहज पार पाएका छन् । महासचिव पदका प्रमुख दाबेदार वर्षमान पुन र जनार्दन शर्मामध्ये एक छानेर अर्कोलाई टाढा हुन नदिन विकल्पमा रुपमा देव गुरुङ अघि सारे । पार्टीमा जनयुद्धकालीन वरिष्ठता र शान्ति प्रक्रियापछिको एकीकरणका धाराहरुसमेत समेटेर उनले २० जना पदाधिकारी छाने । यसो गर्दा वरिष्ठताका आधारमा नारायणकाजी दोस्रो वरियतासहित वरिष्ठ उपाध्यक्ष र कृष्णबहादुर महरा एकल उपाध्यक्ष बनाएर उपाध्यक्षको भिड रोकेका छन ।

महासचिवको दावी गरेका वर्षमान पुन, जनार्दन शर्मा, गिरिरामणी पोखरेल, शक्ति बस्नेत, पम्फा भुसाल, मात्रिका यादव उपमहापसचिव भएका छन।स्थायी कमिटीका सिनियर सदस्यबाट छानेर ९ जना सचिव बनाइएको छ । सचिवमा दिनानाथ शर्माजस्ता पाका नेतासमेत समेटेर प्रचण्डले ९ जनाको नाम पेश गरेका थिए । चक्रपाणी खनाल, देवेन्द्र पौडेल, लिलामणी पोखरेल, गणेश साह, हितमान शाक्य, हितराज पाण्डे, डिलाराम आचार्य र राम कार्कीलाई सचिव बनाइएको छ। कोषाध्यक्ष पदमा श्रीराम ढकाल चयन भएका छन् । उनी लामो समयदेखि कार्यलय सचिव थिए । चाँडै नै पार्टीको विधान महाधिवेशन आयोजना गर्ने भएकाले अहिलेको पदाधिकारी टिम तदर्थ प्रकारको रहने भएको छ।पार्टीमा सबै प्रचण्डले बनाएका मात्र हुन्छन् भन्ने सन्देश दिएका छन । प्रचण्डले चलाखीपूर्वक पेश गरेको पदाधिकारी सूचीमा शान्ति प्रक्रियापछि पार्टी एकतामा जोडिएका तत्कालीन एकता केन्द्रका नारायणकाजी श्रेष्ठ, गिरिराजमणी पोखरेल र लिलामणी पोखरेललाई समेटेका छन् । त्यस्तै, नेकपा मसालबाट जोडिएका डिलाराम आचार्य पनि सचिवमा समेटिएका छन् ।

नेकपा संयुक्तबाट पार्टी एकतामा जोडिएका गणेश साह समेत पदाधिकारीमा समेटिँदा जनयुद्धकालीन पृष्ठभूमिका नेताहरुले बाँकी जिम्मेवारी पाएका छन्।समावेशीको वकालत गर्ने माओवादीले २१ सदस्यीय पदाधिकारीमा दलितको प्रतिनिधित्व छैन भने महिला एकजनामात्र छन् । स्थायी समितिमा महिलालाई उचित स्थान दिने माओवादीले पदाधिकारीमा अझै एकात्मक सोचाइलाई त्याग्न सकेको देखिदैन । माओवादीले बनाएको यो पदाधिकारी टिमलाई चुनाव केन्द्रीत बनाउन खोजेको छ । सक्षम र भावी नेतृत्व गर्न सक्ने भन्दा नेतृत्वलाई ऋस गर्न नसक्ने गरि अस्थायी बनाउनु प्रचण्ड विनाको माओवादी खल्लो र कमजोर हुन्छ भन्ने सन्देश दिन खोजिएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गण्डकीमा मागको ३० प्रतिशत मात्रै बीउ उत्पादन

पोखरापत्र संवाददाता
वालिङ, ४ भदौं

गण्डकी प्रदेशमा आवश्यकमध्ये ३० प्रतिशतमात्रै बीउ उत्पादन हुने गरेको छ । प्रदेशका एघार जिल्लामा आवश्यक पर्ने खाद्यान्न तथा तरकारी बालीको बीउ तथा उन्नत जातका बीउ ७० प्रतिशत अन्यत्रबाट आयात गर्नुपर्ने अवस्था छ।

वार्षिकरूपमा गण्डकीका लागि छ हजार २०० मेट्रिक टन धानको बीउ, पाँच हजार २८ मेट्रिक टन मकैको बीउ, चार हजार ८०० मेट्रिक टन गहुँको बीउ र ३२ हजार मेट्रिक टन आलुको बीउ आवश्यक पर्ने कृषि विकास श्रोत केन्द्र स्याङ्जाका बाली विकास अधिकृत सुदीप रेग्मीले जानकारी दिनुभयो ।

"गण्डकीका एघारवटै जिल्ला कार्यक्षेत्र रहेको कृषि विकास श्रोत केन्द्रले विशेष गरी बीउ खाद्यान्न तथा तरकारीबालीका विभिन्न प्रजातिका बीउ उत्पादनका क्षेत्रमा काम गर्दै आएको छ", उहाँले भन्नुभयो, "हाल गण्डकी प्रदेशभित्र बीउ उत्पादनका लागि सूचिकृत भएका समूह सहकारी तथा निजी क्षेत्रले उत्पादन गरेको बीउले मात्र ३० प्रतिशत माग धानेको छ।" थप आवश्यक बीउ अन्यत्रबाट मगाउने गरिएको छ । अधिकांश कृषकले पुरानै बीउ र हाईब्रिड बीउ प्रयोग गर्दै आएका छन् । कृषक समूह, सहकारी तथा निजी क्षेत्रको अलावा गण्डकीमा सङ्घीय कार्यालयअन्तर्गत मुस्ताङको मार्फास्थित शितोष्ण बागवानी विकास केन्द्रले विशेष गरी रायो, मुला, गाँजर, बन्दा, काउली, आलुलगायतको बीउ उत्पादन गर्दै आएको रेग्मीले बताउनुभयो । गुणस्तर जाँच्न प्रदेशस्तरीय बीउ बिजन प्रयोगशाला रहेको छ। गण्डकीमा खाद्यान्न तथा तरकारी बालीको श्रोत बीउ उत्पादनका लागि कृषि अनुसन्धान निर्देशनाय लुम्ले र बागवानी अनुसन्धान केन्द्र मालेपाटन पोखरा रहेको छ।

आवश्यकता र सम्भावना अनुसार गण्डकीमा खाद्यान्न तथा बालीको श्रोत बीउको उत्पादन, प्रशोधन तथा बजारीकरणसम्बन्धी काम सञ्चालन तथा सहजीकरण गर्न साविकको रेशम विकास कार्यक्रम वालिङ, स्याङ्जाको कार्य विवरण थप गर्दै कृषि विकास श्रोत केन्द्र स्थापना भएको छ । "गण्डकी सरकारको आव २०७६/७७ को नीति तथा कार्यक्रमले कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण र सिचाइको सुनिश्चितता गरी उत्पादन र उत्पादकत्व बढाउने गरिएको छ" उहाँले भन्नुभयो, "तीन वर्षमा मुख्य मुख्य उत्पादनमा आत्मनिर्भर हुने र पाँच वर्षमा खाद्यान्न उत्पादन दोब्बर बनाउने लक्ष्यकासाथ काम भइरहेको छ।" लक्ष्य प्राप्तिका लागि गुणस्तरीय बीउको प्रयोगमा ध्यान दिइएमा मात्रै २० देखि २५ प्रतिशत बालीको उत्पादन वृद्धि हुने रेग्मी बताउनुहुन्छ ।

बीज वृद्धि कार्यक्रमका लागि गण्डकीमा ६१ कृषक समूह, सहकारी तथा निजी क्षेत्र मुल बीउ तथा उन्नत बीउ बिजन उत्पादनका लागि सूचिकृत छन् । सबैभन्दा धेरै स्याङ्जामा मात्रै खाद्यान्न तथा तरकारी बालीका २१ समूह र सहकारी छन् । गण्डकीको कूल भूमिमध्ये २२ दशमलव २ प्रतिशत भू-भाग खेतीयोग्य छ । प्रदेशमा चार लाख ८७ हजार ८२३ हेक्टर क्षेत्रफलमध्ये ७६ प्रतिशत जमिनमा मात्रै खेती गरिएको छ। बाँकी जग्गा बाँझो रहेको रेग्मीले जानकारी दिनुभयो ।

# बागलुङको भकुण्डेमा घरबास व्यवसाय फष्टाउँदै

पोखरापत्र संवाददाता
वालिङ, ४ भदौं

घरबास पर्यटकीय गाउँका रूपमा परिचित बागलुङको भकुण्डे गाउँमा आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएको छ। घरबास बर्खायाममा समेत खाली नभएको घरबास (होमस्टे) सञ्चालक बताउँछन् ।

बागलुङ बजारदेखि सडकमार्ग हुँदै डेढ घण्टामा पुग्न सकिने भकुण्डे गाउँमा घरबाससँगै पर्यटकीय ताल, दृश्यावलोकनका लागि बनाइएको भ्यूटावरलगायत संरचनासमेत छन् । जिल्लाकै पहिलो घरबासका रूपमा परिचित घरबास अहिले भकुण्डेको आठ घरमा सञ्चालित छ । घरबासमा एकैरात ५० पाहुना राख्न सकिन्छ भने उनीहरूको रोजाइअनुसारको सेवा सुविधा दिइँदै आएको छ।

सुरुआतमा सामान्य व्यवस्थापनमा सञ्चालित घरबासले पछिल्लो समय आफ्नो सेवा सुविधा थप्दै गएका छन् । घरबासमा अर्गानिक स्वादिष्ट खानाका परिकार, मनोरम प्राकृतिक दृश्यावलोकन तथा तालले मनै लोभ्याउने त्यहाँ पुगेका पर्यटकले बताएका छन् । भकुण्डेको शिरमा हिरा ताल र तल बराह ताल छ। स्थानीय उत्पादनको स्वादको मज्जा लिन, हिमशृङ्खलाको मनोरम दृश्य हेर्न, बिदाको सदुपयोग गर्दै प्रकृतिसँग रमाउन आन्तरिक पर्यटक घरबाससम्म पुग्ने गरेका छन् । घरबासमा कोदोको सेलरोटी र गुन्द्रुकको परिकारले आफ्नो मन लोभ्याएको आन्तरिक पर्यटक कृष्ण सापकोटाले बताउनुभयो । "निकै आनन्दित स्थानमा कोदोको सेलरोटी, मकै, बाँको गुन्द्रुक, लोकल कुखुराको झोलको स्वाद लिन पाइयो", उहाँले भन्नुभयो, "घरबासमा उपलब्ध कोठा, शौचालय तथा स्नानघरसमेत निकै सुविधा युक्त लाग्यो, त्योभन्दा आन्नद ताल र भ्यूटावरबाट दृश्यावलोकन गर्दा आयो ।" विसं २०७३ मा पर्यटन कार्यालय पोखराबाट दर्ता भई आधिकारिकरूपमा सञ्चालनमा आएको बागलुङ नगरपालिका-१० भकुण्डेस्थित होमस्टे पर्यटकका लागिगन्तव्यबनिरहेकोछ।भकुण्डे भ्यूटावरबाट मात्रै नेपालका आठ हजारभन्दा माथिका छ हिमाल देख्न सकिन्छ। कोरोना महामारीको समयमा थलिएको घरबासमा पछिल्लो समय पर्यटक आउने क्रम बढेको अतिथि सत्कार घरबासकी सञ्चालक इन्द्रकुमारी थापाले बताउनुभयो।

"बर्खायाममा पनि हामीलाई फुर्सद छैन, पाहुना आउने थाहा भएपछि दिउँसैदेखि हाम्रो तयारी हुन्छ, खानाका परिकार पकाउनै व्यस्त भइन्छ, पाहुना नआउँदा घरको खेतीपाती गरिन्छ", उहाँले भन्नुभयो, "बाह्य पर्यटकसमेत यहाँ आउँछन्, हाम्रो दिनचर्या घरबासमा अर्गानिक परिकार बनाउनै बित्छ ।"

# पाल्पाली समाजद्वारा चेलीको सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ४ भदौं



हरितालिका तीज अवसरमा पाल्पाली समाज पोखराले पाल्पाली चेलीको सम्मान गरेको छ।

समाजले शनिबार आयोजना गरेको तीजको शुभकामना एवं चेलीबेटी भेटघाटमा अधिवक्ता माधवी पाण्डे र इन्दिरा कँडेललाई सम्मान गरेको हो । पाल्पाको रामपुर-१० मुल घर भएकी अधिक्ता माधवी पाण्डेय समाजका पूर्व कानुनी सल्लाहकार हुनू ।

यस्तै, पाल्पाको निस्दी गाउँपालिका ५ मूल घर भएकी कँडेल समाजको पूर्व कार्यसमिति सदस्य हुन् । उनीहरुले विभिन्न उपसमितिमा रहेर संस्थाको विकासमा गरेको योगदानको कदर गर्दै सम्मान गरिएको हो। यसैगरी, समाजको गतिविधि प्रचारमा संचार क्षेत्रबाट योगदान गरेकोमा पाल्पाको तानसेन-१४ मूल घर भएकी पत्रकार अनिता घिमिरे (चन्द्रिका) लाई गत चैतमा सम्मान गरिएकोमा शनिबार सम्मानपत्र हस्तान्तरण गरियो ।

कार्यक्रमबीच, मिस नेपाल २०२२ की सेकेण्ड रनर अप हुन सफल रामपुरकी टुगा रानामगरलाई पनि सम्मान गरिएको थियो ।

समाजका अध्यक्ष रेशम रचक थापाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष बालचन्द्र परियार र संचालन महासचिव केशव नेपालले गरेका थिए । दामोदर बस्यालको संयोजकत्वमा भएको कार्यक्रममा पाल्पाली चेलीहरुले तीजको दर खानुको साथै नाचगान गरी रमाइलो गरेका थिए ।

# स्याङ्जाली दिदीबहिनी एकता समाजको शुभकामना

पोखरापत्र संवाददाता
पोखरा, ४ भदौं



तीजको अवसरमा स्याङ्जाली दिदीबहिनी एकता समाज कास्कीले पोखरामा शनिवार शुभकामना आदनप्रदान कार्यक्रम गरेको छ।

दिदीबहिनी बीच आपसी सद्भाव विकास गर्ने उद्देश्यले आयोजित कार्यक्रममा एक सय बढी दिदीबहिनीको सहभागिता रहेको सहसचिव गिता पगेनीले जानकारी दिनुभयो । कार्यक्रममा बोल्दै पूर्वमन्त्री पद्मा अर्याललले अहिलेका महिलाहरु घर चलाउने गृहिणी मात्र नभएको बताउनुभयो । महिलाले समाज, पार्टी र देश चलाउनुपर्ने उहाँको भनाइ थियो । कार्यक्रममा नेपाल प्रेस युनियन कास्कीका निवर्तमान अध्यक्ष नवीन सिग्देल, भिरकोट सामिप्य सदनका अध्यक्ष श्याम रेग्मी, पर्यटन व्यवसायी महिला संघ नेपाल अध्यक्ष रेणु थापा, मुक्तिनाथ विकास बैंक लिमिटेड लघु बैकिङ्ग प्रमुख शर्मिला लम्साल र भिरकोट पोखरा बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष टोल प्रसाद अर्याल लगायतले बोल्नुभएको थियो। कार्यक्रमका लागि दिकान्सा ज्वेलर्स, रत्न इम्पोरियम, कृश रक्षा कलेक्सन, नन्द इम्पोरियम, चरक मेमोरियल हस्पिटल र शालिमा बुटिकले सहयोग गरेका थिए ।

स्याङ्जाली दिदीबहिनी एकता समाज कास्कीका अध्यक्ष सङ्गिता पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष कमला सुनारले स्वागत र सचिव सपना गिरीले संचालन गर्नुभएको थियो ।

# माझठाना सम्पर्क समाजको तिज विशेष एवम् सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ४ भदौं




माझठानामा जन्मस्थान भई पोखरामा विभिन्न पेशा व्यवसायमा संलग्नहरुको संस्था माझठाना पोखरा सम्पर्क समाजद्धारा तिज विशेष एवम् सम्मान कार्यक्रम शनिबार सम्पन्न भएको छ।

पोखरा सितलदेवीस्थित बरालडाँडा तमु समाजको भवनमा आयोजित कार्यक्रममा समाजमा आवद्ध महिलाले नाचगान गर्दै सामूहिकरुपमा दर खाएर माईती र चेलेबेटी बीच एक आपसमा शुभकामना आदान प्रदान गरेका थिए । पोखरा महानगरपालिका वडा नं. २८ का वडाअध्यक्ष श्रीकृष्ण लामिछाने कार्यक्रमको उद्घाटन गर्दै वडाको विकास निर्माणमा समन्वय तथा सहकार्य गरेर अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । समाजका संस्थापक अध्यक्ष समेत रहनु भएका उहाँले वडाको विकास निर्माणसंगै समृद्धिको अभियानमा सवैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्दै आवश्यक सल्लाह र सुझावको अपेक्षा गर्नुभयो । कार्यक्रममा समाजमा आवद्ध सदस्यका छोराछोरीबाट २०७८ सालको एसईई परिक्षामा सर्वोत्तकृष्ट अंक ल्याउन सफल रचना तिवारीलाई सम्मानपत्रद्धारा सम्मान गरिएको थियो। समाजका अध्यक्ष दयाराम तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य डाल्डादेवी भुजेल, सल्लाहकार प्रा.डा.निर्मल लामिछाने,घरेलु तथा साना उद्योग केन्द्रीय सदस्य गिता तिवारी, डा. शान्ता खत्री पौडेल, संस्थाको उपाध्यक्ष भोला ओझा लगायतले हरितालीका तिज पर्वको महत्व माथि चर्चा गर्नु भएको थियो । संस्थाले महिलाहरुको महान पर्व तिजको अवसरमा भदौ पाँच गते भोली पोखराको अमरसिंह चोकमा रक्तदान कार्यक्रमको आयोजना गर्ने समाजका सचिव रामकृष्ण तिवारीले जानकारी दिनुभयो ।

# बडिगाडमा पहिलोपटक भिडियो एक्स–रे र इसीजी

पोखरापत्र संवाददाता
बागलुङ, ४ भदौं

बागलुङको बडिगाड गाउँपालिकाले पहिलोपटक भिडियो एक्स-रे र इसिजी सेवा सञ्चालनमा ल्याएको छ।

गाउँपालिकाले सबै वडाका सर्वसाधारणलाई पायक पर्ने गरी ग्वालीचौर स्वास्थ्यचौकीमा भिडियो एक्स-रे र इसिजी सेवा सञ्चालनमा ल्याएको हो। यसअघि बडिगाडका कुनै पनि स्वास्थ्य संस्थामा यो सुविधा उपलब्ध थिएन । गाउँपालिकाले सःशुल्क फार्मेसी सेवासमेत सञ्चालनमा ल्याएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीले बताउनुभयो । "गर्भवतीका लागि भिडियो एक्सरे कै लागि टाढाटाढा धाउनुपर्ने बाध्यताको अन्त्य गरेका छौँ", भण्डारीले भन्नुभयो, "सःशुल्क फार्मेसीबाट सरकारी स्वास्थ्य संस्थामा पाइनेबाहेकका औषधि नजिकैबाट बिरामीले पाउने छन् ।" उहाँका अनुसार औषधिमा गाउँपालिकाले सहुलियत दिनेछ । छ महिनादेखि पाँच वर्षसम्मका बालबालिकामा देखिने कुपोषणको समस्या समाधान तथा उपचारसमेत स्वास्थ्यचौकीबाट सुरु भएको भण्डारीले बताउनुभयो।

